# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, कास्की ।
## शिक्षा महाशाखा

website:pokharamun.gov.np
email: metroedupkr@gmail.com
फोन: ०६१-४५८०८२


पत्र संख्या:०७९/०८०
चलानी नं. ८३

मिति:२०७९/०४/२६

श्री सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालय सबै,
पोखरा महानगरपालिका, कास्की ।

**विषय: IEMIS विवरण अध्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा मानव तथा श्रोत विकास केन्द्र सानोठिमी भक्तपूरको पत्रबाट शैक्षिक सत्र २०७९ को इमिस विवरण २०७९ श्रावण १५ सम्म अध्यावधिक गर्न अनुरोध भएकोमा २०७९/०४/१५ बाट रोक्का हुँदै आएकोमा ईमिस भर्न बाँकि सबै विद्यालयले २०७९ श्रावण ३१ सम्म EXCEL फाइल डाउनलोड गरी अफलाईनमा भर्ने र अनलाइनमा अपलोड गर्नका लागि २०७९/०५/०१ देखि १० गते सम्म प्रणाली खुला रहने व्यहोरा जानकारीको लागी अनुरोध छ । अन्यथा विद्यालय स्वयम जिम्मेवार हुने कुरा शिक्षा मानव तथा श्रोत विकास केन्द्रको च.नं. ०५ मिति २०७९/०४/२५ को पत्रानुसार जानकारी गराईन्छ ।

हेम प्रसाद आचार्य
निर्देशक
शिक्षा महाशाखा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

मिति : २०७९।०४।२५

प.स.: शै.सू.व्य. २०७९/८०
च.नं.: ०५

**विषय : IEMIS मा विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह (सबै)**
**श्री IEMIS मा विवरण अद्यावधिक गर्न बाँकी विद्यालयहरु**

प्रस्तुत विषयमा यस केन्द्रको च.नं. ११४ मिति २०७९।०३।०९ को पत्रबाट शैक्षिक सत्र २०७९ को विवरण, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) मा मिति २०७९ श्रावण १५ गते भित्र अद्यावधिक गर्न अनुरोध गरिएको र उक्त मिति भित्र अद्यावधिक भएका विद्यालयहरुको विवरण (च.नं. ०४ मिति २०७९।०४।२२ को पत्रबाट) यस केन्द्रको वेबसाइटमा राखिएको व्यहोरा विदितै छ ।

अद्यावधिक गर्न बाँकी विद्यालयहरुको सन्दर्भमा छलफल गर्न यस केन्द्रद्वारा स्थानीय तहका शिक्षा महाशाखा/शाखा प्रमुख तथा शिक्षा अधिकृतहरुसँग मिति २०७९ श्रावण २३ गते गरिएको Virtual Meeting समेतबाट देहाय अनुसार गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि निर्देशानुसार अनुरोध छ ।

**तपसिल**

१. स्थानीय तहले मिति २०७९ श्रावण ३१ गते भित्र शैक्षिक सत्र २०७९ को विवरण अद्यावधिक गर्न बाँकी विद्यालयहरु पहिचान गरी अफलाइनमा विद्यालयको IEMIS File अपडेट गर्न लगाउने ।
२. विद्यालयहरुले मिति २०७९ श्रावण ३१ भित्र IEMIS File अपडेट गरी सक्ने ।
३. अनलाइन अपलोड गर्नका लागि मिति २०७९ भाद्र १ देखि ऐ. १० सम्ममात्र प्रणाली खुला रहने भएकाले विद्यालयहरुले उक्त समयावधि भित्र अनिवार्य रुपमा अपलोड गरी सक्ने ।
४. शैक्षिक सत्र २०७९ मा अनुमति प्राप्त गरेका र यस अघि अनुमति प्राप्त गरेर पनि हालसम्म IEMIS कोड प्राप्त नगरेका प्रारम्भिक बालविकास केन्द्र/विद्यालयहरुले २०७९ श्रावण महिना भित्र स्थानीय तहमा सम्पर्क गरी कोड प्राप्त गर्ने । स्थानीय तहले त्यस्ता प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरुको विवरण सहित Excel File का लागि यस केन्द्र (iemis@cehrd.gov.np) मा लेखी पठाउने ।
५. यस अगाडि IEMIS File अपलोड गरी सकेका विद्यालयहरुले पनि थप विवरण अद्यावधिक गर्नुपर्ने भएमा मिति २०७९ भाद्र १० गते भित्र नै अद्यावधिक गरी सक्ने ।
६. विगत बर्ष देखि नै आधारभूत तह उत्तीर्ण (कक्षा- ८) परीक्षाको नतिजा व्यवस्थापन यस प्रणालीबाट हुँदै आएको र आगामी बर्षहरुमा कक्षा ५ को नतिजा व्यवस्थापन पनि यसै प्रणालीबाट गरिने भएकाले मिति २०७९ भाद्र १० गतेभित्र नै सबै विद्यार्थीहरुको विवरण (पछिसम्म फरक नपर्ने गरी) अद्यावधिक गर्ने गराउने ।
७. आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम यही विवरणका आधारमा तयार गरिने भएकाले विवरण अद्यावधिक नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान, विद्यार्थीले प्राप्त गर्ने सुविधा तथा विद्यार्थी परीक्षामा सम्मिलित हुन वञ्चित हुने अवस्था आएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने ।

रामचन्द्र शर्मा
निर्देशक

बोधार्थ
श्री सामाजिक विकास मन्त्रालय
(सबै प्रदेश): आवश्यक समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): आवश्यक समन्वय र सहजीकरण गर्नु हुन ।